# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## मेल्लेख गाउँपालिका

अछाम




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल


# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मेल्लेख गाउँपालिका

### अछाम




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## मेल्लेख गाउँपालिका

अछाम

**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनलय सुदूरपश्चिम

पत्र संख्याः २०७९।८०
च.नं. ४९५,

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
मेल्लेख गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
अछाम ।

**कैफियत सहितको राय**

हामीले मेल्लेख गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू. २ करोड ३९ लाख २१ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. ४ लाख २८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८२ लाख ९१ हजार, नियमित गर्नुपर्ने रु. १करोड ४७ लाख ५६ हजार र पेश्की रू. ४ लाख ४६ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. ९ करोड ९६ लाख १५ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु १२ करोड ३५ लाख ३६ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(ताराप्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

# मेल्लेख गाउपालिका अछाम

**१. चालु वर्षको बेरुजु २०७८।७९**

**१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)**

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ३७ | ११ | २३९२१ | ० | ० | ० | ३७ | ११ | २३९२१ | ४२८ | १४७५६ | ८२९१ | ० | ० | २३०४७ | ४४६ |

**२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९**

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| मेल्लेख गाउपालिका अछाम | ९९६१५ | ० | ० | ९९६१५ | ० | २३९२१ | १२३५३६ |

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : मेल्लेख गाउँपालिका, अछाम , मल्लेख गाउँपालिका , अछाम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दिर्घ बहादुर खड्का | २०७७-८-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | सरस बुढा | २०७८-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | २३,९२१,३७२.५ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २,६३,६१,९८६ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ५०,८१,७८,४७० | **चालु खर्च** | २६,४६,०६,७५१.४२ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,५७,०१,००० | **पूँजीगत खर्च** | २०,१६,३३,९०५.१७ |
| **राजश्व बाँडफाँट** | ८,१६,२३,९४९.९८ | **वित्तीय/अन्य व्यवस्था** | १७,८२,४०,०३९.९७ |
| **आन्तरिक आय** | १६,०३,०३९ | | |

| | | | |
|---|---|---|---|
| **अन्य आय** | १,२४,५८,६०२.५ | | |
| **कुल आय** | ६४,९५,६५,०६१.४८ | **कुल खर्च** | ६४,४४,८०,६९६.५६ |
| **बाँकी मौज्दात** | | ३,१४,४६,३५०.९२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | परिचय<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ८ वडा, ४२ सभा सदस्य, १३८.७८ वर्ग किलोमिटर क्षेत्रफल तथा २४६०० जनसंख्या रहेको छ । | |
| २ | | | **स्थानीय संचित कोष**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तीय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचितकोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।<br><br>**वित्तीय प्रतिवेदन**<br><br>आ.व. : २०७८/७९ अवधि : २०७८/०४/०१ - २०७९/०३/३२ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | प्रासीभुक्तानी हिसाव (तल तालिका) | |

प्रासीभुक्तानी हिसाव

| विवरण | टिप्पणी | यसवर्ष रु. | | | | गतवर्षरु. | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | आफैलेगरेको प्रासि/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा | आफैलेगरेको प्रासि/भुक्तानी | वस्तुगत/सोझैभुक्तानी | जम्मा |
| प्रासी (क+ख) | | ५५,४६,२७,३२९ | ५५,७४,०४,०२७.९८ | | ५५,७४,०४,०२७.९८ | ४२,५४,६६,१७७.०४ | ३०,०८,८७५ | ४२,८४,७५,०५२.०४ |
| क. प्रासि (संचितकोषमा आम्दानी बाँधिने) | | ५४,४५,३८,३२९ | ५४,५०,५३,६७३.९८ | ० | ५४,५०,५३,६७३.९८ | ४१,८७,९८,३७२.६९ | ३०,०८,८७५ | ४२,१८,०७,२४७.६९ |
| ११००० कर | ११ | ८,५९,४३,००० | ८,२०,०६,३८७.९८ | ० | ८,२०,०६,३८७.९८ | ७,१५,१६,४३५.८८ | ० | ७,१५,१६,४३५.८८ |
| १३००० अनुदान | | ४४,१८,१५,००० | ४६,१८,२६,६८५ | ० | ४६,१८,२६,६८५ | ३४,४३,७४,५२१.३२ | ३०,०८,८७५ | ३४,७३,८३,३९६.३२ |
| संघीय सरकार | १२ | ३९,६१,१४,००० | ४१,६१,२५,६८५ | ० | ४१,६१,२५,६८५ | ३१,०१,७२,९५९.३२ | ३०,०८,८७५ | ३१,३१,८१,८३४.३२ |
| प्रदेश सरकार | १२ | ४,५७,०१,००० | ४,५७,०१,००० | ० | ४,५७,०१,००० | ३,४२,०१,५६२ | ० | ३,४२,०१,५६२ |
| १४००० अन्य राजस्व | | १,६७,८०,३२९ | १२,२०,६०१ | ० | १२,२०,६०१ | २९,०७,४१५.४९ | ० | २९,०७,४१५.४९ |
| ख. अन्य प्रासि | | १,००,८९,००० | १,२३,५०,३५४ | | १,२३,५०,३५४ | ६६,६७,८०४.३५ | | ६६,६७,८०४.३५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| वितरण गर्न बाकी राजस्व | | ० | ० | ० | ० | ० | ० | ० |
| कोषहरु | | १,००,८९,००० | ९५,८८,००० | ० | ९५,८८,००० | २३,१०,७७४.५० | ० | २३,१०,७७४.५० |
| धरौटी | | ० | २७,६२,३५४ | ० | २७,६२,३५४ | ४३,५७,०२९.८५ | ० | ४३,५७,०२९.८५ |
| संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० |
| भुक्तानी (ग+घ) | | ५७,०६,२७,३२९ | ४७,५८,००,७९०.५९ | | ४७,५८,००,७९०.५९ | ४२,९७,८२,२९९.८२ | ३०,०८,८७५ | ४३,२७,९१,१७४.८२ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ५६,०५,३८,३२९ | ४६,६२,४०,६५६.५९ | | ४६,६२,४०,६५६.५९ | ४२,६०,७७,४३२.८२ | ३०,०८,८७५ | ४२,९०,८६,३०७.८२ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | १६,६६,१५,००१ | १५,०८,९८,५५२.५२ | ० | १५,०८,९८,५५२.५२ | ६,२८,५०,२०६.४४ | ० | ६,२८,५०,२०६.४४ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १२,०५,२८,९०२ | १०,३१,४०,७५५.९० | ० | १०,३१,४०,७५५.९० | ६,२८,५३,२३८.८८ | १०,५२,८७५ | ६,३९,०६,११३.८८ |
| २५००० सहायता | १८ | ० | ० | ० | ० | ८५,०१,२०६ | ० | ८५,०१,२०६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | (क्रादकष्मथ० | | | | | | | | | |
| | | | २६००० अनुदान | १८ | ३५,८२,००० | ३०,८५,३०० | ० | ३०,८५,३०० | ११,११,२३,३९९.९३ | ० | ११,११,२३,३९९.९३ | |
| | | | २७००० सामाजिक सुरक्षा | १८ | १,५४,३७,२७१ | ६५,२४,४४७ | ० | ६५,२४,४४७ | १,२३,२१,९०८.५० | ० | १,२३,२१,९०८.५० | |
| | | | २८००० अन्य खर्च | १८ | १०,८९,००० | ९,५७,६९६ | ० | ९,५७,६९६ | ९,७५,३२० | ० | ९,७५,३२० | |
| | | | ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | १८ | २५,३२,८६,१५५ | २०,१६,३३,९०५.१७ | ० | २०,१६,३३,९०५.१७ | १६,७४,५२,१५३.०७ | १९,५६,००० | १६,९४,०८,१५३.०७ | |
| | | | घ. अन्य भूक्तानी | | १,००,८९,००० | ९५,६०,१३४ | | ९५,६०,१३४ | ४२,९७,८२,२९९.८२ | ३०,०८,८७५ | ४३,२७,९१,१७४.८२ | |
| | | | कोषहरु | | १,००,८९,००० | ८०,९५,६१७ | ० | ८०,९५,६१७ | २१,८७,४१४ | ० | २१,८७,४१४ | |
| | | | धरौटी | | ० | १४,७५,९४२ | ० | १४,७५,९४२ | १५,१७,४५३ | ० | १५,१७,४५३ | |
| | | | संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम | | ० | ० | ० | ० | ० | ० | ० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | .११,४२५ | | .११,४२५ | | | |
| ङ. यो वर्षको बचत (न्युन) | | ९१,६०,००,०००) | ८,१६,०३,२३७.३९ | | ८,१६,०३,२३७.३९ | ९४३,१६,१२२.७८) | | ९४३,१६,१२२.७८) |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | | २,६३,६१,९८६.०२ | | २,६३,६१,९८६.०२ | ५,०६,५३,३३०.९० | | ५,०६,५३,३३०.९० |
| वर्षान्तको बाकी रकम (ङ + च) | | ९१,६०,००,०००) | १०,७९,६५,२२३.४१ | | १०,७९,६५,२२३.४१ | ४,६३,३७,२०८.१२ | | ४,६३,३७,२०८.१२ |
| | | | | | | | | |
| बैंक तथा नगद बाकी | २४ | | ८,३७,६५,२२३.४१ | | ८,३७,६५,२२३.४१ | ३,४३,१३,१०१.३३ | | ३,४३,१३,१०१.३३ |
| | | | | | | | | |
| लेखाप्रमूख | | | कार्यकारीअधिकृत | | | महालेखापरीक्षककोकार्यालय | | |
| पालिकाबाटप्रमाणिकरण मितिः | | | | | | | | |

स्थानीय संचित कोष व्यवस्थापन प्रणाली(सूत्र): स्थानीय कोषको सञ्चालन, व्यवस्थापन र प्रतिवेदन प्रणालीमा एकरुपता र शुद्धता कायम गर्न महालेखा नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सूत्र)को प्रयोग गरे तापनि तपशील बमेजिमका श्रेस्ता सूत्रमा प्रविष्ट नगरी CGAS खाता राखेकोले पालिकाको हिसाव यथार्थपरक मान्न सकिएन ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>निकासा</th><th>खर्च</th></tr>
<tr><td>१</td><td>सामाजिक सुरक्षा तथा सरक्षण</td><td>१११४११४५३५</td><td>१११४११४५३५</td></tr>
<tr><td>२</td><td>एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम</td><td>२१३८२५९</td><td>२१३८२५९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१११६२५२७९४</td><td>१११६२५२७९४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण<br><br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षण दरवन्दी भए तापनि कर्मचारी पदपूर्ति नहुनाले आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण शाखा<br><br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्नेतर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन</td><td></td></tr>
</table>

| क्र म | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| ६ | | | **घटी जिम्मेवारी सरेको**<br><br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.३२९९७८००।६२ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.२६३६१९८६।०२ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६६३५८१४।६० घटी जिम्मेवारी सरेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.<br><br><table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>६.१</td><td>जिम्मेवारी फरक परेको</td><td>६६,३५,८१४.६</td></tr></table> | ६,६३५,८१४ |
| ७ | | | **बैक हिसाब मिलान**<br><br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार रु २९३२९६२३।२५ फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गर्नुपर्नेमा लेखापरीक्षण अवधि २०७९।६।४ मा बैंक हिसाव मिलान विवरण तयार गरी पेश गरेकाे छ । समयमा बैंक हिसाव मिलान तयार गर्नुपर्दछ । | |
| ८ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नुपर्नेमा लागू | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | आन्तरिक राजश्व खाता | 0 | 0 | ० |
| २ | राजश्व वाँडफाँडबाट खाता | 10548165.07 | 10548165.07 | ० |
| ३ | आन्तरिक अनुदान खाता | ० | ० | ० |
| ४ | चालु खर्च खाता | 2810059.97 | 29406705.77 | -29596645.80 |
| ५ | पुजीगत खर्च खाता | 7708508.72 | 31508219.97 | -23799711.25 |
| ६ | विविध खर्च खाता | 2043243.50 | 2043243.50 | ० |
| ७ | धरौटी खाता | 5976715.85 | 5976715.85 | ० |
| ८ | संचित कोष खाता | 25469634.60 | 4402900.80 | 21066733.80 |
| | जम्मा | ५४५५६३२७.७१ | ५४५५६३२७.७१ | -२९३२९६२३.२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेको पाइएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशील वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन ।<br><br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन ।<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।<br><br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन ।<br><br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाइएन ।<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाइयो।<br><br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संघ संस्थालाई वितरण गरेको पाइयो<br><br>• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन ।<br><br>• जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नुपर्नेमा गरेको पाइएन ।<br><br>• मूल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br><br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br><br>• कुनै रकम भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाइएन ।<br><br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।<br><br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन ।<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनुपर्नेमा अधिकांशतः पालना भएको पाइएन।<br><br>• वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार नगरेको<br><br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३४ जनाको दरबन्दी रहेकोमा २३ दरबन्दी रिक्त रहेको पाइयो ।<br><br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन ।<br><br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागू गरेको पाइएन ।<br><br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले यकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |

| क्र म | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ९ | | | **लेखापरीक्षण शाखा गठन**<br><br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्नेतर्फ ध्यान दिनु पर्दछ । | |
| १० | | | **आन्तरिक लेखापरीक्षण**<br><br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनुपर्ने उल्लेख छ । आन्तरिक लेखापरीक्षण दरवन्दी भए तापनि कर्मचारी पदपूर्ति नहुनाले आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ११ | | | **कानून र सञ्चालन स्थिति**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ९ वटा ऐन, ४ वटा नियमावली, ४ कार्यविधि, निर्देशिका २ मापदण्ड १ समेत २० वटा | |

| क्र म | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले सबै कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरे तापनि राजपत्रमा प्रकाशित गरेको पाइएन । उक्त कानूनहरु कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| १२ | | | **न्याय सम्पादन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी नभएको र यो बर्ष थप भएको २ विवाद दर्ता भएकोमा १ वटा मात्र फछ्र्यौट भई १ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १३ | | | **खाना तथा विविध खर्च**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.२६३४०००। खर्च गरेको छ । | |
| १४ | | | **आर्थिक सहायता**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष रु.३२५०००। आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| १५ | | | **बाँकी रकम फिर्ता**<br><br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समानिकरण वाहेकका | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सूत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहाय बमोजिमको अनुदान खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गरेको पाइयो ।
<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय र प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च</th><th>बाँकी रकम फिर्ता</th></tr>
<tr><td>नेपाल सरकार सशर्त</td><td>२३५७२५६८५.</td><td>२०९०२२४८६.९५</td><td>२६७०३१९८.०५</td></tr>
<tr><td>नेपाल सरकार समपूरक</td><td>४१५०००००.</td><td>४१५०००००.</td><td>०</td></tr>
<tr><td>नेपाल सरकार विशेष</td><td>१७९०००००.</td><td>१५०३०२६८.</td><td>२८६९७३२</td></tr>
<tr><td>प्रदेश सरकार सशर्त</td><td>२९४४२०००.</td><td>१५२४३२७२.</td><td>१४१९८७२८</td></tr>
<tr><td>प्रदेश सरकार समपूरक</td><td>७०७६०००.</td><td>१९२२०००.</td><td>५१५४०००</td></tr>
<tr><td>प्रदेश सरकार विशेष</td><td>२५०००००.</td><td>२४५३२०५.</td><td>४६७९५</td></tr>
<tr><td>जम्मा</td><td>३३४१४३६८५.</td><td>२८५१७१२३१.९५</td><td>४८९७२४५३.०५</td></tr>
</table></td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकीकरण, विषय क्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमा लगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा<br><br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.७५१४०००। सुविधा वापत भुक्तानी भएको छ ।<br><br>
<table>
<tr><th>सि.नं</th><th>विवरण</th><th>प्रमुख/ अध्यक्ष</th><th>उपप्रमुख/ उपाध्यक्ष</th><th>वडाअध्यक्ष..८ जना</th><th>कार्यपालिका सदस्य ६ जना</th><th>सभाका सदस्य २७ जना</th><th>जम्मा</th></tr>
<tr><td>१</td><td>बैठक भत्ता</td><td>24000</td><td>24000</td><td>192000</td><td>144000</td><td>648000</td><td>1032000</td></tr>
<tr><td>२</td><td>यातायात खर्च</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>३</td><td>टेलिफोन,मोबाइल</td><td>72000</td><td>60000</td><td>336000</td><td>216000</td><td>648000</td><td>1332000</td></tr>
<tr><td>४</td><td>पुस्तक,पत्रिका,</td><td>60000</td><td>54000</td><td>384000</td><td>216000</td><td>648000</td><td>1362000</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>ईन्टरनेट</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>५</td><td>समन्वय तथा सहजीकरण</td><td>108000</td><td>84000</td><td>576000</td><td>360000</td><td>972000</td><td>2100000</td></tr>
<tr><td>६</td><td>अतिथि सत्कार</td><td>120000</td><td>108000</td><td>84000</td><td>0</td><td>0</td><td>312000</td></tr>
<tr><td>७</td><td>खानेपानी/बिजुली/<br>सरसफाई</td><td>42000</td><td>36000</td><td>208000</td><td>144000</td><td>324000</td><td>754000</td></tr>
<tr><td>८</td><td>चाडपर्व खर्च</td><td>35500</td><td>30500</td><td>196000</td><td>90000</td><td>270000</td><td>622000</td></tr>
<tr><td></td><td>जम्मा</td><td>461500</td><td>396500</td><td>1976000</td><td>1170000</td><td>3510000</td><td>7514000</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>बजेट पेश, पारित र अख्तियारी<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री धनबहादुर शाहले मिति २०७८।०३।१० गते रु.४९ करोड २१ लाख ८२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।१० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>चौमासिक पुँजीगत खर्च</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असरपर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।<br><br>
<table>
<tr><th rowspan="2">क्र.स.</th><th rowspan="2">बजेट उपशीर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>चालु खर्च</td><td>264606751.4</td><td>47869890.2</td><td>62990545.88</td><td>153746315.3</td><td>97442233.98</td></tr>
<tr><td>२</td><td>पूँजिगत खर्च</td><td>201633905.2</td><td>912000</td><td>62346435</td><td>138375470.2</td><td>104650483.2</td></tr>
<tr><td></td><td>जम्मा</td><td>466240657</td><td>48781890.2</td><td>125336981</td><td>292121786</td><td>202092717</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td>83.17</td><td>10.46</td><td>26.89</td><td>62.65</td><td>43.35</td></tr>
</table>
<br>पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.४६६२४०६५७। निकासा भएकोमा प्रथम चौमासिकमा रु.४८७८१९०|२० अर्थात १०.४६ प्रतिशत, दोश्रो चौमासिकमा रु. १२५३३६९८१। अर्थात २६.८९ प्रतिशत र तेश्रो चौमासिकमा रु.२९२१२१७८६। अर्थात ६२.६५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.२०२०९२७१७। अर्थात ४३.३५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिकरुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्र म</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>गत बर्षको दायित्व<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४०(२) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.१,४५,०८,३२४। भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठूलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च गरेको देखिएकोले नियमित नदेखिएको रु<br><br>
<table>
<tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr>
<tr><td>२०.१</td><td>गत बर्षको दायित्व</td><td>१,४५,०८,३२४</td></tr>
</table></td><td>१४,५०८,३२४</td></tr>
<tr><td>२१</td><td></td><td></td><td>बजेट तथा कार्यक्रम तर्जुमा समिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भए तापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३४ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ११ जना पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, प्रशासकीय अधिकृत सहित २३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| २३ | | | **करार कर्मचारी**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ८ पदमा ८२ जना कर्मचारीहरु करारमा राखी रु.२४०२०४५२।खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्वर, इलेक्टीसियन, चौकीदार, माली, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ८ पदमा ८२ जना कर्मचारीहरु करारमा नियुक्ति गरी बर्षभरीमा राखी रु.२४०२०४५२। भुक्तानी गरेको पाइयो । | |

| क्र.स. | कर्मचारीको विवरण | तलव | पोशाक भत्ता | स्थानीय भत्ता | जम्मा | स्रोत | कर्मचारी सख्या |
|---|---|---|---|---|---|---|---|
| १ | कार्यालय करार | ६४११६०० | १०००० | ६६१२० | ६४८७७२० | राजश्व बाँडफाड | २७ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२</td><td>स्वास्थ्य करार</td><td>१०६८५०१२</td><td>१००००</td><td>०</td><td>१०६९५०१२</td><td>संघ सशर्त र राजश्व बाँडफाँड</td><td>३६</td></tr>
<tr><td>३</td><td>मातृ तथा नवजात शिशु करार</td><td>१५७१०५०</td><td>१००००</td><td>०</td><td>१५८१०५०</td><td>संघ सशर्त</td><td>५</td></tr>
<tr><td>४</td><td>एक गाउँ एक प्राविधिक</td><td>२०७४१५०</td><td>१००००</td><td>०</td><td>२०८४१५०</td><td>संघ सशर्त र राजश्व बाँडफाँड</td><td>६</td></tr>
<tr><td>५</td><td>पञ्जिकरण कार्यक्रम</td><td>७३१०००</td><td>१००००</td><td>०</td><td>७४१०००</td><td>संघ सशर्त र राजश्व बाँडफाँड</td><td>३</td></tr>
<tr><td>६</td><td>रोजगार सेवा केन्द्र</td><td>८८६४७०</td><td>१००००</td><td>१७१७२०</td><td>१०६८१९०</td><td>संघ सशर्त</td><td>२</td></tr>
<tr><td>७</td><td>सूचना प्रविधि अधिकृत</td><td>४९३८७०</td><td>१००००</td><td>१०५६००</td><td>६०९४७०</td><td>अन्य अनुदान र राजश्व वाँडफाँड</td><td>१</td></tr>
<tr><td>८</td><td>उद्यम विकास सहजकर्ता</td><td>७४३८६०</td><td>१००००</td><td>०</td><td>७५३८६०</td><td>संघ सशर्त</td><td>२</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२३५९७०१२</td><td>८००००</td><td>३४३४४०</td><td>२४०२०४५२</td><td></td><td>८२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>कर्मचारी कल्याण कोष<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१.१ मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकाश कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को दफा ९१.२ अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष अवकाश कोषमा रु ५०००००। जम्मा गरेको देखियो । नियमानुसार तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्दछ । | |
| २५ | | | **क्षेत्रगत बजेट र खर्चको स्थिति**<br><br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ । | |

| सि.नं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३४७८४२०० | १८०३५७७२ | ३.८६ |
| २ | सामाजिक विकास | ३०८७६५४०६ | २६७४७३४७९.४५ | ५७.३७ |
| ३ | पूर्वाधार विकास | १४५५९०९६० | ११८८४३७४८.४२ | २५.४९ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १६१६४००० | १३५०५०४१ | २.८९ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ५५२३३७६३ | ४८३८२६१५.७२ | १०.४ |
| कुल जम्मा | | ५६०५३८३२९ | ४६६२४०६५७ | १००. |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेटमध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५७.३७ प्रतिशत, पूर्वाधार विकासमा २५.५९, कार्यालय संचालन तथा प्रशासनिकमा १०.४ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धितमा २.८९ प्रतिशत रहेको छ । आर्थिक विकासतर्फ ३.८६ प्रतिशत मात्र खर्च रहेको देखियो । अत: आर्थिक विकास र सुशासनको क्षेत्रमा बजेट विनियोजन गरी सो क्षेत्रमा सुधार गर्नुपर्ने देखियो ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **खर्च बिश्लेषणः**<br><br>पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु २३३३३१०९। राजस्व बाँडफाँड र अनुदानबाट रु ६३५५०३४१९। अन्य आयबाट रु १२४५८६०२। समेत रु ६७१२९५१३०। आम्दानी भएकोमा चालुतर्फ रु २६०४६०६७५१। र पुँजीगततर्फ रु २०१६३३९०५। र बित्तीय ब्यबस्थातर्फ रु १७८२४००३९। समेत रु ६४४४८०६९७। खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ३.६२% प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रु ७५१४०००। खर्च भएको छ । जुन आन्तरिक आयको ३२% प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट रु६३५५०३४१९। अर्थात ९८.६०% प्रतिशत चालुमा ४१% प्रतिशत पुँजीगत निर्माणमा ३१% खर्च भएको देखिन्छ । | |
| २७ | | | **वित्तीय विवरण**<br><br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् ।<br><br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br><br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.२९३२९६२३।२५ ले फरक देखिएको छ ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाइएन ।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>सेवा प्रवाह<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १६ वटा ऐन, ५ वटा नियमावली, २२ कार्यविधि, निर्देशिका ३ समेत ४६ वटा कानून निर्माण गरी कार्यान्यनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।<br><br>
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>१</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>१४६८</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>१६०</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>६५</td></tr>
<tr><td>विवाह दर्ता</td><td>१३५</td></tr>
<tr><td>सम्बन्ध विच्छेद दर्ता</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्र म | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाह मध्ये पञ्जीकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | |
| २९ | | | **योजना छनौट र कार्यान्वयन**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७८÷७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् । | |

| क्र.स | विवरण | योजना संख्या | रकम |
|---|---|---|---|
| १ | रु.१ लाख भन्दा कमको योजना | ३० | १६४०००० |
| २ | १-५ लाख सम्मको योजना | १०२ | २८१४०००० |
| ३ | ५-१० लाख सम्मको योजना | २७ | १६८३०००० |
| ४ | १०-५० लाख सम्मको योजाना | १६ | २९१००००० |
| ५ | ५० लाख भन्दा बढीको योजना | ४ | ६६२१३९४९ |
| | जम्मा | १७९ | १४१९३३९४९ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१ लाख देखि रु.५० लाखसम्मका जम्मा १७९ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र ३० वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | जनशक्ति वर्षैभरि योजना व्यवस्थापनमा खटिनुपर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असरपर्ने अवस्थातर्फ ध्यान दिनु पर्दछ । | |
| ३० | | | **सूचना प्रविधि प्रणाली**<br><br>नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनपर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरिद गरी देहायबमोजिम रु.४९००००। खर्च गरेकोमा खरिद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन । यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नुपर्दछ । | |
| ३१ | | | **औषधि खरिद**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बीस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.३६५१३११। का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br><br>• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>• आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>• आपूर्ति भएका औषधि एवं सर्जिकल सामान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको | • |

| क्र म | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनुपर्ने एकमुष्ठ घटाउने गरेको ।<br>• तसर्थ औषधिको खरिद, आपूर्ति, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३२ | | | **एम्बुलेन्स**<br><br>कार्यालयको नाममा से.१.च २२१४ नं को एम्बुलेन्स रहेको देखियो । उक्त एम्बुलेन्सको नम्बर प्लेट रातो निजी सवारी साधनको जस्तो देखिएकोले सेतो प्लेटमा दर्ता गरी संचालनमा ल्याउनु पर्दछ । यसले गरेको आयलाई देखिने गरी अभिलेख राख्नुपर्ने देखिन्छ । | |
| ३३ | | | **जिम्मेवारी नसारेको**<br><br>कार्य संचालनकोषको गत वर्ष २०७७/७८ मा रु ३२३९.५० मौज्दात देखिएकोमा जिम्मेवारी सारेको नदेखिएकोले जिम्मेवारी सार्नुपर्ने देखिएको रु | ३,२३९.५ |
| ३४ | | | **औद्योगिक ग्राम पूर्वाधारको रकम**<br><br>कार्यालयले सशर्त अनुदानको खर्च भई बांकी रकम फिर्ता गरेको हुनुपर्दछ । औद्योगिक ग्राम पूर्वाधार कार्यक्रममा यस वर्ष रु ९२०००००/- प्राप्त भई रु ७८४१६६७/- खर्च भएको देखिएकोले वांकी रु १३५८३३३/- संघीय संचितकोष फिर्ता गर्नुपर्ने देखिएको रु | १,३५८,३३३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>डीपीआर खर्च<br><br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरेको छ । उक्त प्रतिवेदन कार्यालयको बौद्धिक सम्पत्ति भएकोले जिन्सी दाखिला गर्नुपर्नेमा दाखिला गरेको छैन । तसर्थ सो प्रतिवेदन जिन्सी दाखिला गर्नुपर्दछ ।<br><br>
<table>
<tr><th>कार्य विवरण</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th></tr>
<tr><td>३२/०७९/३/१२ ठांटी स्वास्थ्य चौकीको भवन निर्माण</td><td>१११५३१०</td><td>१११५३१०</td></tr>
<tr><td>३६/०७९/३/२० वडा नं ५ खेलकुद पूर्वाधार निर्माण</td><td>७९४३९०</td><td>७९४३९०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३६</td><td></td><td></td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम<br><br>स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, अत्यधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकांश योजना छनौट नभई, अनुत्पादनमूलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्यधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हासिल गर्ने गरी कार्यान्वयन भएको पाइएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २५८ जनालाई रोजगारी उपलव्ध गराई रु.१४७१८११६। खर्च गरेको छ । लक्षित वर्गलाई ८६ दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ३७ | | | **बार्षिक खरिद योजना/गुरुयोजना**<br><br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.रु.२०१६३३९०५। पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| ३८ | | | **बढी भुक्तानी**<br><br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार खर्च गर्दा विलभरपाई सहित जाँच गरी ठीक दुरुस्त देखिएमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले देहायको भुक्तानीमा बढी भुक्तानी गरेको देखिएकोले सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु | ६५,०२० |

| भौ.नं र मिति | विवरण | भुक्तानी गर्नुपर्ने | भुक्तानी भएको | बढी रकम |
|---|---|---|---|---|
| ५ र २६/०७८/६/२२ | गा.पा चालु बाट औषधि ढुवानी भाडा वापत से.१ज ८०४ लाई भुक्तानी | ९८१०० | ११३४०० | १५३०० |

<table>
<tr><th>क्र म</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table>
<tr><td>३/०७८/६/२१</td><td>मेडिकल अधिकृत डा. देवासु भट्टलाई पर्व खर्च भुक्तानी</td><td>४०३८०</td><td>९०१००</td><td>४९७२०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१३८४८०</td><td>२०३५००</td><td>६५०२०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>निर्माण कार्यको गुणस्तर<br><br>सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्यावियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट जस्ता कार्य गराएकोमा गुणस्तर परिक्षण गराएको पाइएन । यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परीक्षणलाई अनिवार्य गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>सार्वजनिक लेखापरीक्षण<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(३) घ मा उपभोक्ता समिति मार्फत गरेको कार्यको निर्माण सम्झौतामा सम्पन्न निर्माण कार्यको सञ्चालन र मर्मत संभार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने व्यवस्था समावेश गर्नुपर्ने प्रावधान रहेकोमा गाउँपालिकाले उपभोक्ता समितिसँग गरेको अधिकांश सम्झौतामा उक्त व्यहोरा समावेश गरेको देखिएन।साथै नियम ९७(७) मा उपभोक्ता समितिले प्रत्येक किस्तामा गरेको काम तथा खर्चको सूचना सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारबाहीको सम्बन्धमा सार्वजनिक लेखापरीक्षण गर्नुपर्ने व्यवस्था रहेकोमा उक्त व्यवस्था अनुसार अधिकांश योजनाहरुमा सार्वजनिक लेखापरीक्षण गरेको देखिएन । उपभोक्ता समितिले गरेको कार्यको पारदर्शिता वृद्धि गर्ने उक्त प्रावधानको पूर्णतः पालना गर्नुपर्ने देखिएको छ ।</td><td></td></tr>
</table>

| क्र म | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४१ | | | **गाउँपालिकाको बस**<br><br>कार्यालयको नाममा २ वटा भाडाको (कालो नम्वर प्लेट भएको) बस नं २३७४ र २३७५ रहेकोमा उक्त बसबाट आम्दानी गरेको देखिएन । बसले गरेको आय र व्ययको हिसाव राखी संचालन खर्च धान्ने गरी सेवाको साथै आम्दानी गर्नेतर्फ गाउंपालिकाको ध्यान जानुपर्ने देखिन्छ । | |
| ४२ | 50 | २०७९-३-२४ | **सुरक्षित नागरीक आवास कार्यक्रम**<br><br>सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत अति विपन्न गरीब दलित आदिवासी जनताको जीवनस्तर उठाउने उद्धेश्यले प्रदेश सरकारबाट जनताको घरको खरको छाना भएका घरलाई जस्तापाताको छाना लगाउने अभियान अनुसार प्रति परिवार रु ५००००/- दिने उल्लेख भएकोमा गत बर्ष २०७७/७८ मा १३९ परिवारलाई रु ३०२१०००/- प्रति परिवार रु १८४५६/- पेश्की उपलब्ध गराएकोमा यो बर्ष गत बर्षको पेश्की कटाई प्रतिपरिवार ४०१८९/- भुक्तानी भई रु ९८११ /- दिन बांकी देखिन्छ । तोकिएको रकम भुक्तानी दिन पहिलेको अवस्था सहितको लाभग्राहीको फोटो वडा अध्यक्षको सिफारिश, दावी फारम र विल भरपाई प्राविधिक मूल्याङ्कन गरी दिने व्यवस्था रहेकोमा नियममा व्यवस्था भए बमोजिम गर्नु गराउनु पर्दछ । | |
| ४३ | | | **जे सी बी बिग्रेको**<br><br>कार्यालयको नाममा रहेको जे.सि.वि विगत एक बर्ष देखि विग्रिएर बसेको कार्यालयको भनाई रहेको छ । यसको नम्बर प्लेट समेत राखेको देखिएन । यो वर्षभरि संचालन नभई आय नगरेको अवस्थामा चालक श्री विवेक चौधरीलाई करार म्याद थप गरी बर्ष भरिनै मासिक रु १८२५०। दरले चाडपर्व सहित रु २४७२५०/- खर्च गरेको नियम सम्मत नदेखिएको रु | २४७,२५० |
| ४४ | | | **सूचना अधिकृतको तलब**<br><br>कार्यालयले सशर्त अनुदानको रकम खर्च भई बांकी रकम फिर्ता गर्नुपर्दछ । संघीय सरकारले सूचना अधिकृतको लागि तलब भत्ता पोशाक अन्य खर्चको लागि रु ४३७८६०/- निकासा गरेकोमा खर्च रु २५३९६०/- खर्च भई रु १८३९००/- वांकी देखाएकोले | १८३,९०० |

| क्र म | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | संघीय संचितकोष फिर्ता गर्नुपर्ने देखिएको रु | |
| ४५ | | | **जिन्सी एकीकृत नभएको**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । गाउंपालिका समग्रमा एक कार्यालय भएकोले यस भित्रका गाउंपालिका, गाउंपालिका भित्रका ८ वडा कार्यालय, शिक्षा, स्वास्थ्य, कृषि र पशु जस्ता इकाई समेतको एउटै जिन्सी खातामा खर्च हुने र नहुने मालसमानको एकिकृत जिन्सी विबरण राखी अध्यावधिक अभिलेख राख्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले गाउंपालिका कार्यालयको छुट्टै जिन्सी खाता र अन्य विषयगत निकाय र वडा कार्यालयहरुको छुट्टा छुट्टै अभिलेख राखेको देखिएकोले एकीकृत जिन्सी खाता तयार गरी अध्यावधिक राख्नु पर्दछ । | |
| ४६ | | | **राजश्व अभिलेख**<br><br>कार्यालयको राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा वितरण गरेकोमा, छपाई भएको नगदी रसिदहरुको आम्दानी, वितरण तथा बाँकीको अभिलेख लेखापरीक्षण अवधिमा पेश हुन आएन । आर्थिक वर्षको विवरण पेश नभएकोले बाँकी के कति छन् यकिन गर्न सकिएन । यसर्थ कार्यालयमा वास्तविक आम्दानी भएको राजस्व दाखिला भए/नभएको सम्बन्धमा तहाँबाटै छानबिन गरिनुपर्दछ । साथै सवै वडाहरुमा पनि स्वचालित प्रणाली जडान गरी राजस्व संकलन गर्ने र आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असुलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन गर्न विशेष ध्यान पुर्याउनुपर्ने देखियो । | |
| ४७ | | | **आयको अनुमान**<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाउँपालिकाले पेश गरेको आय- | |

<table>
<tr><th>क्र म</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१८९३००००/-आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु. १६०३०३९/- अर्थात अनुमानको ८.४६% मात्र प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको समेत पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
<tr><td>४८</td><td></td><td></td><td>राजश्व दाखिला<br><br>सुदुर पश्चिम प्रदेश आर्थिक कार्यविधि नियमावली २०७६ को नियम १० बमोजिम प्रदेश तथा स्थानीय तहलाई प्राप्त हुने नगदी राजस्व रकम आजको भोलि बैक दाखिला गर्नुपर्ने र आजको भोलि दाखिला गर्न सम्भब नभए ३ दिन भित्र र ३ दिन भित्र पनि दाखिला हुन नसक्ने भए ७ दिन भित्र अनिवार्य दाखिला गरी सक्नुपर्ने व्यवस्था रहेको छ । तर यस कार्यालयले रसिद नियन्त्रण खाता तयार नराखेकोले गत बर्ष रसिद बाँकी यो बर्ष छपाई गरेको समेत जम्मा गरी कुन वडालाई के कति रसिद वितरण भयो र बाँकी कति छ देखिने अभिलेख नराखेकोले आम्दानी यकिन गर्न सकिएन । साथै नियमावलीले निर्धारण गरेको समयावधि भित्र राजस्व वैक दाखिला भएको पाइएन । निम्न वमोजिमको राजस्व ८ वडा कार्यालयबाट तपशील बमोजिमको रसिद प्रयोग गरी रु ७४६४१२। र पालिका समेतबाट रु१६०३०३९। दाखिला भएको पाइयो । कार्यालय अन्तर्गत ८ वटा वडा र गाउँपालिकाले प्राप्त गरेको राजश्व रकम नियममा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको सम्बन्धमा विशेष ध्यान दिनुपर्दछ ।<br><br><table><tr><td>वडा नं</td><td>रसिद प्रयोग</td><td>राजस्व आम्दानी</td><td>वडा नं</td><td>रसिद प्रयोग</td><td>राजस्व आम्दानी</td></tr></table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १ | ७४०१-७५०० | १०९६० | ५ | ६६०१-६७०० | २२५६८ |
| १ | ८९०१-९००० | १४१७० | ५ | ७७०१-८७०० | १४४०० |
| १ | ७५०१-७६०० | २३२०० | ५ | ९०५१-९१०० | ३९३० |
| १ | १५१-२०० | ४७३० | ५ | १५०१-१५५० | ३११७ |
| | जम्मा | ५३०६० | ५ | ११५१-१२०० | ४८३७ |
| वडा नं | रसिद प्रयोग | राजस्व आम्दानी | ५ | १८०१-१८५० | ७१४८ |
| २ | ११०१-११५० | १०३३० | ५ | १०५१-११०० | ५००० |
| २ | ८००१-८१०० | १३५२३ | | जम्मा | ६१००० |
| २ | ८६०१-८७०० | १४९०० | वडा नं | रसिद प्रयोग | राजस्व आम्दानी |
| २ | ५३०१-५४०० | ९७५७ | ६ | ११२५१-११३०० | १११०५ |
| | जम्मा | ४८५१० | ६ | १११५१-११२०० | १३४०० |
| वडा नं | रसिद प्रयोग | राजस्व आम्दानी | ६ | ९७०१-९७५० | ५७५० |
| ३ | ७६०१-७७०० | १४६१० | ६ | ९६५०-९७०० | ७२०० |
| ३ | १०३५१-१०४०० | १३७५० | ६ | ७३०१-७४०० | ४६४५० |
| ३ | ८४०१-८५०० | १७७०० | ६ | ११००१-११०५० | १४७५० |
| ३ | १८५१-१९०० | ३५८५ | ६ | ९९५१-१०००० | ७२०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | २०५१-२१०० | ७१८८ | ६ | ८७०१-८८०० | २८१४५ |
| ३ | २२०१-२२५० | ५४१५ | | जम्मा | १३४००० |
| ३ | २१०१-२१५० | १७१६ | वडा नं | रसिद प्रयोग | राजस्व आम्दानी |
| ३ | २१५१-२२०० | ७४४५ | ७ | ३५१-४०० | २६२५० |
| ३ | २००१-२०५० | ६१८६ | ७ | ७८०१-७९०० | ८९९३ |
| | जम्मा | ७७५९५ | ७ | ७५१-८०० | ४४३० |
| वडा नं | रसिद प्रयोग | राजस्व आम्दानी | ७ | ९२५१-९३०० | ९५०० |
| ४ | ७९०१-८००० | ११००० | ७ | ९५५१-९६०० | १००७० |
| ४ | ८२०१-८३०० | ८५०० | ७ | ९३०१-९३५० | ५६९० |
| ४ | ९४०१-९४५० | ७६३० | ७ | ९५०१-९५५० | ७६६० |
| ४ | ९३५१-९४०० | ९५६० | ७ | ९६०१-९६५० | ९१५० |
| ४ | ९४५१-९५०० | ६३०० | ७ | ९८०१-९८५० | ८१५० |
| ४ | १०२५१-१०३०० | १९७८५ | ७ | ९८५१-९९०० | १४४०० |
| ४ | १०३०१-१०३५० | ७६३० | ७ | १०१५१-१०२०० | १५३५० |
| ४ | १०५०१-१०५५० | १२६५० | ७ | १०२०१-१०२५० | १०५५० |
| ४ | १९०१-१९५० | ३१६१ | ७ | १५१-२०० | १३१०० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>४</td><td>११०१-११५०</td><td>६८८१</td><td>७</td><td>१३५१-१४००</td><td>७७२७</td></tr>
<tr><td>४</td><td>२५०१-२५५०</td><td>६७५५</td><td>७</td><td>१४०१-१४५०</td><td>६८६३</td></tr>
<tr><td>४</td><td>५००१-५१००</td><td>४१०७</td><td>७</td><td>१२५१-१३००</td><td>६६४४</td></tr>
<tr><td>४</td><td>१००५१-१०१००</td><td>९१९५</td><td>७</td><td>१२०१-१२५०</td><td>७९६६</td></tr>
<tr><td>४</td><td>१०४५१-१०५००</td><td>९३००</td><td>७</td><td>२५५१-२६००</td><td>८४९४</td></tr>
<tr><td>४</td><td>१०५०१-१०६००</td><td>१८३४६</td><td></td><td>जम्मा</td><td>१८०९८७</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४०८००</td><td>वडा नं</td><td>रसिद प्रयोग</td><td>राजस्व आम्दानी</td></tr>
<tr><td></td><td></td><td></td><td>८</td><td>५९०१-६०००</td><td>२३१००</td></tr>
<tr><td></td><td></td><td></td><td>८</td><td>५४०१-५५००</td><td>१८८८०</td></tr>
<tr><td></td><td></td><td></td><td>८</td><td>१९०१-२०००</td><td>८४८०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>५०४६०</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>कूल जम्मा</td><td>७४६४१२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४९</td><td></td><td></td><td>आन्तरिक आय<br><br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाउँपालिकाले आर्थिक वर्ष २०७८।७९</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । रु हजारमा
<table>
<tr><th>केन्द्रीय अनुदानबाट खर्च</th><th>आन्तरिक आय</th><th>आन्तरिक आय प्रतिशत</th></tr>
<tr><td>५८२४९३४४१</td><td>१६०३०३९</td><td>०.२७</td></tr>
</table>
उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.२७ प्रतिशत मात्र रहेको छ । त्यसैले गाउँपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>पेश्की फर्छयौट हुन बांकी
आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व नियमाली २०७७ को नियम ५० मा पेश्की दिने र फर्छयौट गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहाय अनुसारको पेश्की विवरण पेश गरेकोले बाँकी पेश्की रु १६९०१११४। मध्ये म्याद ननाघेको रु १६४५४९१४। र म्याद नाघेको रु ४४६२००। देखिएकोले म्याद नाघेको र ननाघेको पेश्की असुल फर्छयौट गर्नुपर्ने रु
<table>
<tr><th>पेश्की लिएको मिति</th><th>भौ. न.</th><th>पेश्कीको विवरण</th><th>पेश्की लिने ब्यक्ति, फर्म वा कम्पनीको नाम</th><th>म्याद ननाघेको</th><th>म्याद नाघेको</th><th>जम्मा</th></tr>
<tr><td>२०७८/०९/२६</td><td>३१</td><td>नन्देगडा-दुपाल्त-शोडषा-ऋषिदह सडक निर्माण</td><td>बानीया नाती जेभी</td><td>११,२५९,२३०</td><td>०</td><td>११,२५९,२३०</td></tr>
</table></td><td>४४६,२००</td></tr>
</table>

<table>
<tr><th>क्र म</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०७८/११/१२</td><td>९</td><td>नन्देगडा-दुपाल्त-शोडषा-ऋषिदह सडक निर्माण</td><td>बानीया नाती जेभी</td><td>५१९५६८४</td><td>०</td><td>५१९५६८४</td></tr>
<tr><td>२०७९/०१/०५</td><td>२१९</td><td>उद्दार, राहत तथा पुनर्स्थापना खर्च</td><td>नमराज भण्डारी</td><td>०</td><td>४१००००</td><td>४१००००</td></tr>
<tr><td>२०७९/०३/०९</td><td>२६५</td><td>सभा सञ्चालन खर्च २ वटा</td><td>विक्रम भण्डारी</td><td>०</td><td>३६,२००</td><td>३६,२००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>१६,४५४,९१४</td><td>४४६२००</td><td>१६,९०१,११४</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१</td><td></td><td></td><td>
मूल्य अभिबृद्धि कर कट्टी र दाखिला<br><br>
मूल्य अभिबृद्धि कर नियमावली २०५३ अनुसार मूल्य अभिबृद्धि करमा दर्ता भएका विक्रेताबाट खरिद भएको मालसमान को मूल्य अभिबृद्धि सहितको भुक्तानीमा ३०% मूल्य अभिबृद्धि कर कट्टी गरी भुक्तानी दिइ कर दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यालयले देहायको भुक्तानीमा मूल्य अभिबृद्धि कट्टा र दाखिला नगरी पूरै रकम बिक्रेतालााई भुक्तानी गरेको छ । कानूनको पालना गरी मूल्य अभिबृद्धि कर कट्टी र दाखिला गर्नुपर्ने र मूअकर समायोजन प्रमाण पेश गर्नुपर्ने रु<br><br>
<table>
<tr><th>भौ नं र मिति</th><th>विक्रेताको नाम /काम</th><th>भुक्तानी रकम</th><th>मूल्य अभिबृद्धि कर रकम</th><th>३०% रकम</th></tr>
<tr><td>३६/०७९/३/२०</td><td>वडा नं ५ को खेलकुद पूर्वाधार</td><td>७९४३९०</td><td>९१३९०</td><td>२७४१७</td></tr>
<tr><td>३१४/०७९/३/२२</td><td>एभरेष्ट इनोभेसन प्रा.ली डिपिआरको रकम भुक्तानी</td><td>४५२०००</td><td>५२०००</td><td>१५६००</td></tr>
</table>
</td><td>११०,२९२</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३/०७९/३/२४</td><td>गैर आवासीय भवन डीपिआर स्टेनेवल इनफास्टक्चर डेभलपमेन्ट प्रा.ली ललितपुर</td><td>१९४९२५०</td><td>२२४२५०</td><td>६७२७५</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>११०२९२</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>
विल भरपाई पेश नभएको<br><br>
आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार खर्च गर्दा विल भरपाई सहित जाँच गरी ठीक दुरुस्त देखिएमा भुक्तानी दिनुपर्ने व्यवस्था छ । कार्यालयले देहायको भुक्तानीमा विल भरपाई वेगर रु ३६३०००। खर्च लेखेको देखिएकोले विल भरपाई पेश गर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु<br><br>
<table>
<tr><th>भौ नं र मिति</th><th>विवरण</th><th>विल र भरपाई रकम</th><th>भुक्तानी रकम</th><th>बढी रकम</th></tr>
<tr><td>४०/२०७९/३/२४</td><td>नन्देगडा-दुपल्ता-षोडसा सडक निर्माणका व्यवसायी श्री बांनिया नाति जे भी लाईरु४०८१४४८७/४२ भुक्तानी गरेकोमा प्रोभिजनल सम आइटमतर्फको रु ३६३०००/- ज्वाइन्ट सर्भे गराएको भनी विलभरपाई वेगर भुक्तानी पाउनेको विल नराखी पाउनेको नाम</td><td>0</td><td>३६३०००</td><td>३६३०००</td></tr>
</table>
</td><td>३६३,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>उल्लेख नगरी रकम दाबी गरी भुक्तानी गरीको छ ।</td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>३६३०००</td></tr>
</table>
</td><td></td></tr>
</table>